श्री

उच्च अदालत, पाटन

संयुक्त इजलास

माननीय न्यायाधीश श्री प्रेमराज ढकाल

माननीय न्यायाधीश श्री कृष्णलाल भट्टराई

**फैसला**

सम्वत् २०७५ सालको ०७५-CS-१५३७

निर्णय नं. ५५६

इजलास नं. ६

**मुद्दाः- केही सार्वजनिक अपराध ।**

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय, सिन्धुली समेतको जाहेरीले नेपाल सरकार -----------१ | **पुनरावेदक** <br> **वादी** |

**विरुद्ध**

| | |
|---|---|
| जिल्ला सिन्धुली, कमलामाई नगरपालिका वडा नं.७ माझीटार बस्ने सुरेन्द्रश्वर मोक्तान ---------------------------------------------------------------------१ | **प्रत्यर्थी** <br> **प्रतिवादी** |
| ऐ.ऐ. बस्ने उक्त बहादुर थापा ---------------------------------------------१ | |

| | | |
|---|---|---|
| शुरु फैसला गर्ने कार्यालय | :- | श्री जिल्ला प्रशासन कार्यालय सिन्धुली |
| शुरु फैसला गर्ने अधिकारी | :- | प्र.जि.अ. श्री ज्ञान प्रसाद ढकाल |
| शुरु फैसला मिति | :- | २०७५।५।२० |
| पुनरावेदन फैसला गर्ने अदालत | :- | श्री सिन्धुली जिल्ला अदालत |
| पुनरावेदन फैसला गर्ने न्यायाधीश | :- | मा.जि.न्या. श्री किरणप्रसाद शिवाकोटी |
| पुनरावेदन फैसला मिति | :- | २०७५।९।५ |
| पुनरावेदन मुद्दा नं. | :- | ०७५-GD-०००१ |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने भइ दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

1) यस आयोजनाको लाईन निर्माण कार्य दोलखा जिल्लाको शहरे गा.वि.स. खिम्तीबाट शुरु भई रामेछाप, सिन्धुली, महोत्तरी हुँदै धनुषा जिल्लाको ढल्केबर सम्म ७५ कि.मी. लाईन

निर्माण कार्य मध्ये अन्य जिल्लामा बिगत ४ वर्ष अगाडि नै निर्माण कार्य सम्पन्न भए तापनि सिन्धुली जिल्लामा विभिन्न माग राखी संघर्ष समितिद्वारा आंशिक रुपमा निर्माण कार्य अवरोध पारिएको, अवरोध अगाडि नै जिल्ला सिन्धुली, कमलामाई नगरपालिका वडा नं.७ बर्देउटार स्थित टावर नं. २९/३ को फाउण्डेसन कार्य तथा ऐ. ऐ. ठुलीटार स्थित टावर नं. ३१/० को जडान कार्य भइसकेको अवस्थामा संघर्ष समितिद्वारा बारम्बार टावर काट्ने ढाल्ने समेतको धम्की आईरहेकोमा हाल निर्माण कार्य सुचारु भई निरीक्षणको क्रममा टावर नं. २९/३ को एउटा चिम्नीमा जडान भएको स्टीलको Stub काटी लगी काम नलाग्ने गरी क्षतिग्रस्त अवस्थामा पाइएको र टावर नं. ३१/० को टावर पार्टहरु समेत काटेर लगेको हुँदा सार्वजनिक सम्पत्ति हिनामिना गर्ने दोषी पत्ता लगाई आवश्यक कानूनी कारवाही गरी क्षतिपूर्ति समेत असुल उपर गराई दिनु हुन भन्ने समेत बेहोराको खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाईन आयोजना साईड कार्यालय सिन्धुलीको पत्र ।

2) जिल्ला सिन्धुली, कमलामाई नगरपालिका वडा नं. ७ बर्देउटार र ठुलीटार स्थित खिम्ती-ढल्केवर २२० के.भी. प्रसारण लाइन आयोजनाद्वारा निर्माण गरिएको टावर नं. २९/३ को एउटा चिम्नीमा जडान भएको स्टिलको Stub काटी काम नलाग्ने गरी क्षेतीग्रस्त अवस्थामा पाइएको र टावर नं. ३१/० को टावर पार्टहरु समेत काटेर लगी क्षेति पुर्याएको हुँदा सार्वजनिक सम्पत्ति हानी नोक्सानी गर्नेलाई खोजतलास गरी कानून बमोजिम कारवाही गर्नुहुन अनुरोध भन्ने जिल्ला प्रशासन कार्यालय, सिन्धुलीको पत्र ।

3) मिति २०७२।१२।२८ गते देखी आयोजनाको अवरुद्ध भएको निर्माण कार्य शुरु भए पश्चात् मिति २०७३।१।११ गते बिहान १०:३० बजेको समयमा टावरमा निर्माणको लागि निरीक्षण गर्न जाँदा टावर नं. २९/३ को एउटा चिम्नी जडान भएको स्टीलको stub काटेर क्षतिग्रस्त अवस्थामा पाइएको तथा टावर नं. ३१/० को पार्टहरु समेत काटेको पाइएको बेहोरा अनुरोध छ भन्ने बेहोराको खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाईन आयोजना साईड कार्यालय सिन्धुलीको पत्र ।

4) जिल्ला सिन्धुली, कमलामाई नगरपालिका वडा नं.७ ठुलीटार टावर नं. ३१/० का उत्तर साइडको ४ वटा र पूर्व पट्टीको ३ वटा स्टील डण्डी काटी क्षति भएको भन्ने समेत बेहोराको घटनास्थल मुचुल्का । जिल्ला सिन्धुली, कमलामाई नगरपालिका वडा नं. ७ बर्देउटार स्थित टावर नं. २९/३ मा जडान चारखुट्टे चिम्नी माथि रहेको स्टीलको पत्ता भाग काटी ढलान फुटाई क्षतिग्रस्त अवस्थामा रहेको भन्ने समेत बेहोराको घटनास्थल मुचुल्का ।

5) खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाईन आयोजनाद्वारा जिल्ला सिन्धुली, कमलामाई नगरपालिका वडा नं.७ ठुलीटार स्थित तयारी हालतमा रहेको ३०/१ नं. को टावर र ऐ.

बर्देउटार स्थितमा रहेको सम्पूर्ण भार बहन गर्ने २९/३ नं. को चिम्नी क्षेती पुर्याएकोमा हामी प्रहरी टोली खटी गई पत्ता लगाउँदै जाने क्रममा बढी मुआब्जा पाउने उद्देश्यले संघर्ष समितिका अध्यक्ष सुरेन्द्रश्वर मोक्तान र उत्तबहादुर थापाले स्थानीय केही युवाहरुलाई उचाली आफूहरु पनि संलग्न भई मिति २०७३।१।११ गते बिहान अं ४: ०० बजेको समयमा २९/३ नं.को टावरको चिम्नी १ को फलामको भाग काटी पिलर फुटाई क्षति पुर्याएको र ३०/० नं. को टावरको पत्ताहरु काटी क्षति पुर्याएको स्थानीय मानिसहरुबाट बुझिन आएको हुँदा निज सुरेन्द्रश्वर मोक्तान र उत्त बहादुर थापालाई पक्राउ गरी क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत बेहोराको प्र.ना.नि. अशोककुमार झा समेतको प्रहरी प्रतिवेदन ।

6) मिति २०७३।१।११ गते अं. ४:०० बजेको समयमा म आफ्नो घरमा सुतिरहेको थिएँ, सोही समयमा संघर्ष समितिको अध्यक्ष सुरेन्द्रश्वर मोक्तान र उत्तबहादुर थापा समेतले स्थानीय युवाहरुलाई उचाली आफू पनि संलग्न भई घटनास्थलहरुमा रहेको टावरहरु तोडफोड गरी काटी क्षति गरेको हो । निज प्रतिवादीहरुले नै बढी मुआब्जा लिने उद्देश्यले संघर्ष समिति बनाई विभिन्न किसिमको माग राखी निर्माण कार्यहरुमा अवरोध गर्दै आएको हो भन्ने समेत बेहोराको सीताराम श्रेष्ठ समेतका मानिसहरुले खुलाई दिएको वस्तुस्थिति मुचुल्का ।

7) टावर नं. ३१/० को मेम्बरहरु काटेको रु. ८६,०००।- टावर नं. २९/३ मा एउटा लेगको स्टब काटेर रु. १,४८,८१७।५५ गरी जम्मा २,३४,८१७/५५ क्षति भएको भन्ने समेत व्यहोराको खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाईन आयोजनाको पत्र ।

8) प्रतिवादी सुरेन्द्रश्वर मोक्तान र उत्तबहादुर थापाले टावर नं. ३१/० र टावर नं. २९/३ काटी क्षति पुर्याई केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ को दफा २ को देहाय घ च अनुसारको निषेधित कसुर अपराध गरेको हुँदा प्रतिवादीहरु सुरेन्द्रश्वर मोक्तान र उत्त बहादुर थापालाई सोही ऐनको दफा ६(१) बमोजिम सजाय हुन र निज प्रतिवादीहरुको आपराधिक कार्यबाट क्षति भएको रु. २,३४,८१७।५५ बराबरको क्षतिपूर्ति रकम समेत निज प्रतिवादीहरुबाट खिम्ती-ढल्केबर २२० के.भी. प्रशारण लाइन आयोजना साइड कार्यालय, सिन्धुलीलाई ऐ. ऐनको दफा ६(१) बमोजिम दिलाई भराई पाउन वादी नेपाल सरकारको तर्फबाट दायर हुन आएको अभियोग मागदावी ।

9) खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाइन आयोजनासँग सम्बन्धित टावरहरुको क्षति पर्‍याउने कार्यमा मेरो संलग्नता छैन । कसले आयोजनाको टावरहरुमा क्षति पुर्यायो मलाई थाहा भएन । मैले अभियोग बमोजिमको अपराध गरेको छैन । म लगायत १०३ जनाले यस आयोजनाको हाइटेन्सनको विषयमा सर्वोच्च अदालतमा उजुरी निवेदन दिएका हौं ।

त्यसपछि हामीले राष्ट्रिय मानव अधिकार आयोग र विश्व बैंकको इन्स्पेक्सन प्यानलमा पनि उजुरी निवेदन दियौं । यसरी कानूनी प्रकृया अपनाई समस्याको समाधानका लागि अगाडि बढ्न प्रयास गर्ने मैले कसरी यस्तो अपराध गर्न सक्छु । सो सरासर झुठा आरोप हो । म बेकसुर छु भन्ने समेत बेहोराको प्रतिवादी उक्तबहादुर थापाले गरेको बयान ।

10) खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाइन आयोजनासँग सम्बन्धित टावरहरुको क्षति पुऱ्याउने कार्यमा मेरो संलग्नता छैन । कसले आयोजनाको टावरहरुमा क्षति पुर्यायो मलाई थाहा भएन । मैले अभियोग बमोजिमको अपराध गरेको छैन । म लगायत १०३ जनाले यस आयोजनाको हाइटेन्सनको विषयमा सर्वोच्च अदालतमा उजुरी निवेदन दिएका हौं । त्यसपछि हामीले राष्ट्रिय मानव अधिकार आयोग र विश्व बैंकको इन्स्पेक्सन प्यानलमा पनि उजुरी निवेदन दियौं । यसरी कानूनी प्रकृया अपनाई समस्याको समाधानका लागि अगाडि बढ्न प्रयास गर्ने मैले कसरी यस्तो अपराध गर्न सक्छु । सो सरासर झुठा आरोप हो । म बेकसुर छु भन्ने समेत बेहोराको प्रतिवादी सुरेन्द्रश्वर मोक्तानले गरेको बयान ।

11) प्रतिवादीहरु उक्तबहादुर थापा र सुरेन्द्रश्वर मोक्तानले केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को देहाय (घ) र (च) अनुसारको निषेधित कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएकोले सोही ऐनको दफा ६ (१) बमोजिम निज प्रतिवादीहरुलाई जनही रु.५,०००।- जरिवाना हुनुका साथै निजहरुको आपराधिक कार्यबाट नेपाल विद्युत प्राधिकरण, खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाईन आयोजनामा क्षति भएको हुँदा निज प्रतिवादीहरुबाट रु. २,३४,८१७।५५ (रु. दुई लाख चौतीस हजार आठ सय सत्र पैसा पचपन्न) दामासाहीले जाहेरवाला नेपाल विद्युत प्राधिकरण खिम्ती-ढल्केबर २२० के.भी. प्रसारण लाईन आयोजनालाई भराईदिने ठहर्छ भन्ने समेत बेहोराको जिल्ला प्रशासन कार्यालय सिन्धुलीवाट भएको मिति २०७५।०५।२० को शुरु फैसला ।

12) जिल्ला प्रशासन कार्यालय, सिन्धुली समेतको जाहेरीले नेपाल सरकार रहेको मुद्दामा हामीहरुलाई जनही रु.५,०००।- जरिवाना र हामी प्रतिवादीहरु उक्तबहादुर थापा र सुरेन्द्रश्वर मोक्तानलाई क्षतिपूर्ति वापत दामासाहीले रु. २,३४,८१७।५५ भराउने गरी मिति २०७५।५।२० मा जिल्ला प्रशासन कार्यालय, सिन्धुलीले गरेको शुरु फैसला हामीहरुलाई चित्त बुझेन । उक्त फैसला कानूनी रुपमा त्रुटीपूर्ण रहेकोले सो फैसला बदर गरी झुठा मुद्दा खारेज गरी न्याय दिलाई पाउँ भन्ने समेत बेहोराको प्रतिवादीहरु सुरेन्द्रश्वर मोक्तान र उक्त बहादुर थापाको मिति २०७५।६।१५ को संयुक्त पुनरावेदन पत्र ।

13) वादीले आफ्नो साक्षी सम्म उपस्थित गराउन सकेको मिसिलबाट देखिँदैन । प्रतिवादीहरुको इन्कारी बयान रहेकोमा केवल शंकाको भरमा प्रतिवादी बनाई सो कुरालाई पुष्टि नगरिएको अवस्थामा अभियोग दावी तथा पत्राचार भएका पत्रको बेहोरा सम्म उल्लेख गरी सोही

आधारमा कसुरदार ठहराई यी पुनरावेदकहरुबाट क्षतिपूर्ति समेत भराउने गरी जिल्ला प्रशासन कार्यालय, सिन्धुलीबाट मिति २०७५।५।२० मा भएको फैसला कानून तथा न्यायको रोहमा मिल्ने नदेखिँदा उक्त फैसला उल्टी भई प्रतिवादी पुनरावेदकहरुले सफाई पाउने ठहर्छ भन्ने सिन्धुली जिल्ला अदालतबाट मिति २०७५।९।१२ मा भएको फैसला ।

14) राष्ट्रिय गौरवको खिम्ति ढल्केवर २२० के.भि. विद्युत प्रशारण लाईनको तार चिम्नी पोल समेत प्रतिवादीहरुले तोडफोड हानी नोक्सानी गरी विगो रु. २,३४,८१७।५५ बरावरको धनमाल क्षति पुराएको तथ्य मिसिल संलग्न बस्तुनिष्ठ प्रमाणवाट पुष्टि भएकाले निजहरुलाई कसूरदायर कायम गर्ने गरी जिल्ला प्रशासन कार्यालय सिन्धुलीवाट फैसला भएकोमा सो फैसला उल्टी गरी प्रतिवादीहरुलाई निर्दोष मानी सफाई दिने गरी भएको सिन्धुली जिल्ला अदालतको फैसला कानून सम्मत नदेखिदा उक्त फैसला बदर गरी प्रतिवादीहरुलाई कसूरदार कायम गरी सजाय तथा क्षतिपूर्ति भराउने गरी भएको शुरु जिल्ला प्रशासन कार्यालय सिन्धुलीको फैसला सदर गरी पाँउ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

## ठहर खण्ड

15) नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाश समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्रसहितको मिसिल संलग्न कागजातहरुको अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय, पाटनका विद्वान शाखा अधिकृत श्री इन्दु घिमिरेले गर्नु भएको वहस समेत सुनीयो ।

16) सिन्धुली कमलामाई न.पा. वडा नं.७ ठलीटार स्थित तयारी हालतमा रहेको विद्युत प्रशारण लाइनको ३०/१ नं. को टावर २९/३ को चिम्नी काटी क्षति पुऱ्याएको हुँदा सुरेन्द्रश्वर मोक्तान र उत्तम बहादुर थापालाई कारवाही गरी पाउँ भनी अभियोग पत्र दायर भएकोमा शुरु जिल्ला प्रशासन कार्यालयबाट प्रतिवादीहरुलाई केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा २ को देहाय घ र च को कसूरमा ऐ. ऐनको दफा ६(१) बमोजिम सजाय गरी क्षतिपूर्तिसमेत भराउने गरी मिति २०७५।५।२० मा फैसला भएको देखिन्छ ।

17) जिल्ला प्रशासन कार्यालयबाट उक्त मितिमा भएको फैसला उपर प्रतिवादीहरुको जिल्ला अदालतमा सिन्धुलीमा पुनरावेदन परेकोमा कसूर पुष्टि नभएको अवस्थामा शंकाको भरमा प्रतिवादीलाई कसूरदार ठहऱ्याई पुनरावेदकबाट क्षतिपूर्तिसमेत भराउने गरी जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट भएको फैसला उल्टी भै प्रतिवादीहरुले सफाई पाउने ठहर्छ भनी

सिन्धुली जिल्ला अदालतवाट मिति २०७५।९।५ मा भएको फैसला उपर वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन दायर हुन आएको देखियो ।

18) वादी नेपाल सरकारको पुनरावेदन जिकीरका सन्दर्भमा सिन्धुली जिल्ला अदालतबाट प्रतिवादीहरुलाई सफाई दिने गरी उक्त मितिमा भएको फैसला मिलेको छ, छैन ? भन्ने विषयमा नै निर्णय निरुपण गर्नु पर्ने देखियो ।

19) मिसिल संलग्न कागज प्रमाणका आधारमा निर्णय तर्फ विचार गर्दा, टावर र चिम्नीसमेत काटी हानी नोक्सानी पुऱ्याएको हुँदा सार्वजनिक सम्पत्ति हिनामिना गर्ने दोषी पत्ता लगाई कारवाही गरी पाउँ भनी खिम्ति ढल्केवर २२० के.भी. प्रशारण लाईन आयोजनाको पत्र प्राप्त भएको र सो सम्बन्धमा बुझ्दै जाँदा सुरेन्द्रश्वर मोक्तान र उक्त बहादुर थापाबाट घटना घटेको भन्ने समेत प्र.ना.नि. अशोक कुमार झाको प्रतिवेदन रहेको देखिन्छ ।

20) प्रतिवादीहरु मौकामा पक्राउ नभएबाट वयान नभएको र म्यादमा हाजिर भै बयान गर्दा आरोपित कसूरमा इन्कार रहेको पाइन्छ । यी प्रतिवादीले तोडफोड गरेको अर्थात घटना घटाएको देख्ने कोही रहे भएको देखिंदैन । क्षति भयो भनी कारवाहीको निम्ती पत्राचार गर्ने कार्यालयले कोही कसैको नाम उल्लेख गर्न नसकेको र यी प्रतिवादीहरु उपर शंका व्यक्त गर्ने प्र.ना.नि.ले के आधार र कारणबाट अर्थात को कसबाट थाहा जानकारी भएर प्रतिवादीको नाम उल्लेख गरेको हो ? सो प्रतिवेदनमा केही खुलाएको देखिंदैन । सो प्रतिवेदन गर्ने लगायत कोही पनि अदालतमा आई बकपत्र गरेको समेत देखिंदैन ।

21) यसरी प्रतिवादी आरोपित कसूरमा इन्कार रहेकोमा यी प्रतिवादीबाट घटना घटेको भन्ने देख्ने कोही रहे भएको नदेखिएको, यी प्रतिवादीले कसूर गरको भन्ने मिसिल संलग्न कुनै पनि कागज प्रमाणबाट पुष्टि हुन आएको नदेखिंदा सबुत प्रमाणको अभावमा शुरु जिल्ला प्रशासन कार्यालयको फैसला उल्टी गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको सिन्धुली जिल्ला अदालतको फैसला मिसिल संलग्न कागज प्रमाणको आधारमा त्रुटिपूर्ण नहुँदा उक्त फैसलालाई अन्यथा गर्नु पर्ने देखिन आएन ।

22) अतः माथि विवेचित आधार, कारणसमेतबाट शुरु जिल्ला प्रशासन कार्यालय सिन्धुलीबाट भएको फैसला उल्टी गरी प्रतिवादीहरुलाई सफाई दिने गरी सिन्धुली जिल्ला अदालतबाट मिति २०७५।९।५ मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन । अरुमा तपसिल बमोजिम गर्नू ।

## तपसिल खण्ड

- प्रस्तुत फैसलाको सरोकारवालाले नक्कल माग गरे लाग्ने दस्तूर लिई नक्कल दिनु............१
- प्रस्तुत फैसलाको प्रतिलिपिसहित जानकारी उच्च सरकारी वकील कार्यालय, पाटनलाई दिनु ......................................................................................................२

- प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी पिठमा जनाउनु...................................३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल शुरु जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु................................................४

(प्रेमराज ढकाल)
न्यायाधीश

उक्त रायमा म सहमत छु,

(कृष्णलाल भट्टराई)
न्यायाधीश

इजलास अधिकृतः अनन्तराज मरासिनी
कम्प्युटर टाइप गर्नेः बसन्त दर्शनधारी
इति सम्वत् २०७६ साल बैशाख ३० गते रोज २ शुभम् ..........................................।
प्रमाणीकरण मिति

न्यायाधीशको दस्तखत अदालतको छाप